Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३८ | वि.सं. २०८३ जेठ ७ बिहीवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल पञ्चमी | Thursday 21 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# किन भइरहेको छ रानीसैनमा बाजुरा र हुम्लावासीबीच तनाव ?

**ओम शाही**
**सुर्खेत, ६ जेठ ।**

बाजुराका प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाका अनुसार केही दिन अघि बाजुराको हिमाली गाउँपालिका-३, र हुम्लाको खार्पुनाथ गाउँपालिका-२, को सिमा लाम्पाटा च्याचौर क्षेत्रमा (यो क्षेत्र रानीसैनका नामले चिनिन्छ, जहाँ बहुमूल्य जडीबुटी र वन्यजन्तु पाइन्छन्, यो क्षेत्र पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र पनि हो) प्रहरी चौकी स्थापनाको काम अघि बढेको थियो ।

प्रहरी चौकी निर्माणको काम बाजुराको हिमाली गाउँपालिकाले थालेको थियो । तर, हुम्लाको खार्पूनाथ गाउँपालिका-२, राय र थाली गाउँका बासिन्दाले प्रहरी चौकी निर्माणमा अवरोध गरे । लाम्पाटा पुगेका राय र थाली गाउँका स्थानीयले हिमाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, ३ नम्बर वडाका वडा सदस्यसहितका व्यक्तिमाथि हातपात गरे । हिमाली गाउँपालिकाका उपाध्यक्ष राजकला सार्कीले राय र थाली गाउँका स्थानीयको हातपातबाट पालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापा, ३ नम्बरका वडा सदस्य पेमागारा गुरुङ, उनकी श्रीमती लक्ष्मी गुरुङ, स्थानीय मिनु कुँवर र प्रहरी सहायक हवल्दार रमेश धामीमाथि सांघातिक आक्रमण गरेर घाइते बनाएको बताइन ।

उनका अनुसार घाइते चार जनालाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत कर्णाली प्रदेश अस्पताल सुर्खेत पुऱ्याइएको छ । उक्त घटनापछि रानीसैन भ्रमणमा निस्केका धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमालसहित हिमाली गाउँपालिकाको टोली फर्किएको छ । उपाध्यक्ष सार्कीले मेयर हमालसहितको टोलीलाई धम्काएर रानीसैन जान नदिएको बताइन । यद्यपी, मेयर हमालको टोलीलाई रानीसैन जानबाट रोकिएको भने होइन ।

मेयर हमालको टोली नपुग्दै सो क्षेत्रमा विवाद सुरु भइसकेको थियो । यस विषयमा आफुहरुलाई कुनै अवरोध नगरिएको मेयर हमालले भनिसकेका छन् । रानिसैन क्षेत्र घुम्न गएको भ्रमण टोलीले भिडियो, फोटो लिन खोजेपछि विवाद भएको भनिएको छ । तर, विवादको चुरो भने रानीसैन क्षेत्रमा (हिमाली गाउँपालिकाले अस्थायी प्रहरी चौकी स्थापना गर्न खोज्दा भएको हो । जुन क्षेत्रलाई हुम्लाको खार्पुनाथ गाउँपालिको आफ्नो क्षेत्र मान्छ ।

हिमाली गाउँपालिका उपाध्यक्ष सार्कीले रानीसैन क्षेत्र हिमाली गाउँपालिकाको वडा नम्बर ३ मा पर्ने भएकाले लाम्पाटामा प्रहरी चौकी स्थापना गर्न लागिएको दावी गरिन । उनी भन्छिन्, 'हुम्लाका बासिन्दा रानीसैन आफ्नो भएको भन्दै पर्यटकीय प्रवर्द्धनका लागि गएको टोली र प्रहरीमाथि आक्रमण र कुटपिट गरेका छन् । यस क्षेत्रमा अत्यधिक मात्रामा बहुमूल्य जडीबुटी र वन्यजन्तु हुम्लीहरुले चोरी पैठारी गर्छन् । त्यही चोरी प्रठारी रोक्न र पर्यटन प्रवद्धन गर्न प्रहरी चौकी स्थापना गर्न लागिएको थियो ।'



> अहिले रानीसैन क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाएर जडिबुटि र वन्यजन्तुको चोरी निकासी रोक्न प्रहरी चौकी स्थापना गर्न थलिएको हिमाली गाउँपालिकाको दावी छ ।

उनका अनुसार दुवै पक्षले आफ्नो दावी गरेका रानीसैन क्षेत्रमा यसअघि ठुलो विवाद थिएन । २०७४ सालमा स्थानीय तह स्थापना भइसकेपछि हिमाली गाउँपालिकाले रानीसैन क्षेत्रमै कार्यपालिकाको बैठक आयोजना गरेको थियो । अहिले रानीसैन क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाएर जडिबुटि र वन्यजन्तुको चोरी निकासी रोक्न प्रहरी चौकी स्थापना गर्न थलिएको हिमाली गाउँपालिकाको दावी छ । विवाद यही विन्दुबाट सुरुवात भएको देखिन्छ । हुम्लावासीले दावी गरेको क्षेत्र कानुनी प्रमाणका आधारमा आफ्नो रहेको उपाध्यक्ष सार्की बताउँछिन् ।

यता हुम्लाको खार्पुनाथ गाउँपालिकाले भने रानीसैन क्षेत्र आफ्नै भएको दावी गर्छ । बाजुराको हिमाली गाउँपालिकाले हुम्लाको स्वामित्व रहेको दाबी गरिएको जग्गामा अनुमति विना प्रहरी चौकी निर्माण गर्न खोजेपछि विवाद सिर्जना भएको बताउछन् खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावत । उनले उक्त क्षेत्रका बासिन्दाले परापूर्व कालदेखि तिरो तिरेर भोगचलन गर्दै आएको क्षेत्रलाई बाजुरा पक्षले गुगल म्यापका आधारमा आफ्नो जनाउदै आएको दावी गलत रहेको उनी बताउछन् ।

'हुम्ला र बाजुराको सिमाना भनेको कवाडी खोला हो, बाजुराले पारी र हामीले खोलावारी भोगचलन गरिरहेका छौं । कवाडीको तल कर्णाली कोरिडोरदेखि माथि रानीसैनसम्मको क्षेत्र पहिलेदेखि नै हामीले भोगचलन गर्दै आएका छौं,' अध्यक्ष रावतले भने । हुम्ला सर्केगाड गाउँपालिकाको वडा नम्बर ३ को रिप, खार्पुनाथ गाउँपालिका २ र ३ को थाली र राय, सिमकोट गाउँपालिकाको वडा नम्बर ८ को स्याडा, नाम्खा गाउँपालिकाको खगाल गाउँ र रानीसैन क्षेत्र पहिलेदेखि नै हुम्लाले भोगचलन गर्दै आएको उनको दावी छ । 'रानीसैन क्षेत्रमा बसोवास गर्ने स्थानीयहरुले नाम्खा गाउँपालिकाको वडा नम्बर ३ लाई कर तिरेर बसोवास गर्ने गरेका थिए । उनीहरु त्यस क्षेत्रमा भेडा, बाख्रा चराउने, उत्तरबाट नुन र दक्षिणबाट चामल ल्याएर आउने गरेका थिए । तर, उनीहरु हुम्लाका वासिन्दा थिएनन्, जो अहिले रानीसैनमा बसेका छन्,' रानीसैन क्षेत्र आफ्नो भएको दावी प्रस्तुत गर्दै अध्यक्ष रावत भन्छन् । अहिले हिमाली गाउपालिकाले त्यहाँ सुदुर पश्चिम प्रदेश सरकारबाट बजेट व्यवस्थपन गरेर कवाडी खोलावारी (अध्यक्षको दावी अनुसार सो क्षेत्र हुम्ला जिल्लामा पर्दछ) प्रहरी भवन बनाउन थालेपछि विवाद सिर्जना भएको हो ।

अध्यक्ष रावतले गृहमन्त्रालयको अनुमति बिनै जबरजस्ती प्रहरी चौकी स्थापना गर्न लागिएपछि स्थानीयले विरोध जनाएको दावी गर्छन । प्रहरी चौकी स्थापनापूर्व आफुरुहले हुम्ला र बाजुराका सिडियो तथा प्रहरी प्रमुखहरुले अनुगमन गरेर आएको थाहा पाएपछि टेलिफोन वार्तामार्फत प्रहरी चौकीको भनव बनाउने भएपनि कुवाडी खोलापारी बनाउन सुझाव दिएको उनको दावी छ । यस विषयमा हुम्ला र बाजुराका सांसदले गृह सचिवसँग बसेर गरिएको सहमति हिमाली गाउँपालिकाले नमानेको उनी बताउछन् ।

विवाद बढ्दै गएपछि दुवै जिल्लाका सुरक्षा निकाय र जनप्रतिनिबिच प्राप्त प्रमाणहरुका आधार छलफल गरेर समस्याको हल गर्न लागिएको उनले बताए । बाजुरा र हुम्लाका सिमावती क्षेत्रका यी दुई पालिकाका जनप्रतिनिधिहरुका आफ्नै दावीले थप विवाद चर्किने देखिन्छ । दुवै पालिकाले भोगचलनका प्रमाण आफुहरुसँग रहेको दावी गरिरहदा बढ्न सक्ने थप विवादको अन्त्य गर्न संघीय सरकारले तत्काल कदम चाल्नुपर्ने बाजुरा र हुम्लाका प्रमुख जिल्ला अधिकारीहरु बताउछन् ।

बाजुरका प्रमुख जिल्ला अधिकारी निरौला भन्छन्, 'दुई जिल्लाको सिमा विवाद पहिले देखि नै रहेछ । बाजुरा पक्षबाट अहिले अस्थायी प्रहरी पोस्ट बनाउन खोज्दा विवाद सतहमा आएको देखिन्छ । अब संघीय सरकार र राजनीतिक नेतृत्व तहबाट सिमा विवाद तुरुन्तै समाधान गरि दिनु पर्दछ ।' तत्काललाई विवाद साम्य भएपनि यथासिंघ्र सिमा समस्या समाधान नभए यसले भविष्यमा पालिकाबीचको द्वन्द्व थप बढ्ने निश्चित रहेको सरोकारवालाहरु बताउछन् ।

# जब्दीघाटमा नयाँ पुल बन्ने पक्का, स्थानीयमा खुसीयालीको लहर

**सरला सुवेदी**
**बर्दिया, ६ जेठ ।**



बर्दियाको बबई नदीस्थित जब्दीघाटमा नयाँ पुल निर्माण हुने प्रक्रिया अघि बढेसँगै स्थानीयवासीमा खुसी छाएको छ । लामो समयदेखि जोखिम मोलेर डुङ्गाबाट नदी तर्न बाध्य नागरिक अब सुरक्षित र सहज आवतजावतको आशामा उत्साहित बनेका छन् ।

अर्थ मन्त्रालयले गुलरिया नगरपालिका-४ र बारबर्दिया नगरपालिका-११ जोड्ने पुल निर्माणका लागि एक अर्ब १८ करोड रुपैयाँको बहुवर्षीय स्रोत सुनिश्चित गरेपछि पुल निर्माणको बाटो खुलेको हो । यससँगै गुलरिया र बारबर्दिया जोड्ने बहुप्रतीक्षित पुल अब निर्माण चरणमा प्रवेश गर्ने भएको छ ।

सडक डिभिजन कार्यालय नेपालगञ्जका प्रमुख नरेन्द्र भट्टले स्रोत सुनिश्चितताको पत्र प्राप्त भइसकेको र अहिले लागत अनुमान तथा बिडिङ डकुमेन्ट स्वीकृतिको काम भइरहेको जानकारी दिए । उनका अनुसार अबको दुई साताभित्र पुल निर्माणका लागि ठेक्का आह्वान गरिनेछ भने चालु आर्थिक वर्षभित्रै ठेक्का प्रक्रिया सम्पन्न गरिने लक्ष्य राखिएको छ । पुल निर्माणका लागि चालु आर्थिक वर्षमा ११ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

सरकारले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मै पुल निर्माणका लागि बजेट विनियोजन गरेको थियो । २०८१ पुसमा बहुवर्षीय स्रोत सुनिश्चितता प्राप्त भए पनि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आवश्यक 'स्ट्यान्डर्ड बिडिङ डकुमेन्ट' समयमै तयार नहुँदा ठेक्का प्रक्रिया अघि बढ्न सकेको थिएन । पुल 'डिजाइन एन्ड बिल्ट' मोडेलमा निर्माण हुने भएकाले पूर्वतयारीका प्राविधिक प्रक्रिया पूरा गर्न ढिलाइ भएको बताइएको छ ।

पुल निर्माणको खबरले स्थानीय बासिन्दा निकै उत्साहित भएका छन् । वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्न बाध्य नागरिक अब सुरक्षित सडक सञ्जालसँग जोडिने अपेक्षामा छन् । बारबर्दिया नगरपालिकाका नगर प्रमुख छविलाल थारू ले पुल नहुँदा स्थानीयले धेरै सास्ती खेप्नुपरेको उल्लेख गर्दै अब ढिलाइ नगरी निर्माण कार्य सुरु गर्नुपर्ने बताए । उनले भने, "जब्दीघाटमा पुल नहुँदा बिरामी, विद्यार्थी र सर्वसाधारणले निकै दुःख पाए । अब पुल बन्ने निश्चित भएपछि स्थानीयवासीमा ठूलो राहतको अनुभूति भएको छ ।"

स्थानीयवासी रामप्रसाद चौधरीले पनि पुल निर्माणको खबरले गाउँमा खुसी छाएको बताए । उनले भने, "वर्षायाममा नदी तर्न निकै डर लाग्थ्यो । डुङ्गाकै भर पर्नुपर्थ्यो । अब पुल बनेपछि यात्रा सुरक्षित र सहज हुने आशा गरेका छौं ।" त्यस्तै स्थानीय महिला माया पुनले पुलले बर्दियाको विकासमा नयाँ गति ल्याउने विश्वास व्यक्त गरे । उनले भने, "गुलरिया पुग्न अहिले धेरै समस्या हुन्छ । पुल बनेपछि व्यापार, शिक्षा र स्वास्थ्य सेवामा सहजता आउनेछ । हामी धेरै खुसी भएका छौं ।"

पुल निर्माण सम्पन्न भएपछि बारबर्दिया नगरपालिका सिधै सदरमुकाम गुलरियासँग जोडिनेछ । पुरानो पुल क्षतिग्रस्त भएपछि हाल स्थानीयवासी डुङ्गामार्फत नदी पार गर्न बाध्य छन् । नयाँ पुल निर्माणसँगै बर्दियाका हजारौं नागरिकको दैनिकी सहज बन्ने अपेक्षा गरिएको छ ।

## द्वन्द्व पीडित घाइते अपाङ्ग व्यक्तिको उपचार सम्बन्धी सूचना ॥

कर्णाली प्रदेश सरकार "**द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०८१**" बमोजिम कर्णाली प्रदेश अस्पताल, सुर्खेत र द्वन्द्व पीडित घाइते अपाङ्गता भएका व्यक्तिको उपचार सम्बन्धमा मिति २०८२/०६/२७ गते द्विपक्षीय सम्झौता भएकाले उपचार गर्न इच्छुक द्वन्द्व पीडित घाइते अपाङ्गता भएका व्यक्तिले उक्त कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको समयावधिभित्र कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा उपचार गर्न जानुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# शिक्षक अभावले थलिएका सामुदायिक विद्यालय

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ। संविधानको धारा ३१ मा स्पष्ट रूपमा उल्लेख भएको यही व्यवस्थाले सामुदायिक विद्यालयलाई कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने कानुनी दायित्व तोकेको छ। तर, व्यवहारमा भने देशका धेरै सामुदायिक विद्यालय, विशेषतः कर्णाली प्रदेशका विद्यालयहरू, अभिभावक सहयोग, स्वैच्छिक चन्दा वा अन्य नाममा रकम उठाउन बाध्य देखिएका छन्। सुर्खेतको वीरेन्द्रनगरस्थित जन नमुना माध्यमिक विद्यालय वर्षेनी भर्ना शुल्क विवादमा तानिनु यसको एउटा प्रतिनिधि उदाहरण मात्र हो। पहिलो दृष्टिमा विद्यालयले रकम उठाउनु संविधान र कानुन विपरीत देखिए पनि यसको मूल समस्या राज्यको कमजोर शैक्षिक व्यवस्थापनसँग जोडिएको छ। जन नमुना मावि जस्तो विद्यालय, जहाँ करिब साढे तीन हजार विद्यार्थी अध्ययनरत छन्, त्यहाँ सरकारी दरबन्दीले केवल १३ सय विद्यार्थीको भार मात्रै धान्न सक्ने अवस्था हुनु विडम्बना हो। बाँकी विद्यार्थीलाई पढाउन विद्यालयले निजी स्रोत, अभिभावक सहयोग र अस्थायी शिक्षकको भर पर्नुपर्ने बाध्यता छ। यो अवस्था जन नमुना माविमा मात्र सीमित छैन। अमरज्योति नमुना मावि, जनज्योति मावि लगायत कर्णालीका अधिकांश सामुदायिक विद्यालय यस्तै समस्याबाट ग्रसित छन्।

शिक्षक अभावको प्रत्यक्ष असर शिक्षाको गुणस्तरमा परेको छ। एउटा शिक्षकले ६० देखि ७० जनासम्म विद्यार्थीलाई एउटै कक्षामा पढाउनुपर्ने अवस्था कुनै पनि दृष्टिले प्रभावकारी शिक्षणका लागि उपयुक्त हुन सक्दैन। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लास प्रतिवेदन २०८१ अनुसार कर्णालीका विद्यालयमा आधारभूत तहमा एक शिक्षक बराबर ६२ जना र माध्यमिक तहमा ७१ जनासम्म विद्यार्थी रहेका छन्। विद्यालय क्षेत्र सुधार योजनाले पहाडी जिल्लामा एक शिक्षक बराबर ३५ विद्यार्थीको मापदण्ड तोकेको भए पनि व्यवहारमा त्योभन्दा दोब्बर भार शिक्षकले बोकिरहेका छन्। विशेष चिन्ताको विषय माथिल्ला कक्षामा देखिएको शिक्षक अभाव हो। कक्षा-११ र १२ मा विषयगत शिक्षकको चरम कमीले विद्यार्थीको सिकाइ क्षमतामाथि गम्भीर असर परेको छ। विज्ञान, गणित, अंग्रेजी जस्ता विषयमा दक्ष शिक्षक अभाव हुँदा विद्यार्थीको नतिजा कमजोर हुनु स्वाभाविक हो। कक्षा-८, एसईई र कक्षा १२ को कमजोर नतिजाले पनि यही यथार्थलाई पुष्टि गरिरहेका छन्। अझ न्यून तलब, अस्थायी व्यवस्था र पेशागत असुरक्षाका कारण दक्ष शिक्षक टिकाइराख्न कठिन भएको छ। यस्तो अवस्थामा गुणस्तरीय शिक्षा अपेक्षा गर्नु केवल नारामै सीमित हुने खतरा बढेको छ।

राज्यले सामुदायिक विद्यालयलाई निःशुल्क शिक्षा लागू गर्ने निर्देशन त दिएको छ, तर त्यसअनुसार आवश्यक शिक्षक, कर्मचारी र स्रोत उपलब्ध गराउन सकेको छैन। परिणामतः विद्यालयहरू कानुनी व्यवस्था र व्यावहारिक आवश्यकता बीच च्यापिएका छन्। यदि विद्यालयले अभिभावकबाट सहयोग नलिने हो भने पठन-पाठन सञ्चालन गर्न कठिन हुन्छ, र यदि सहयोग लिने हो भने कानुनी प्रश्न उठ्छ। यो विरोधाभासको समाधान राज्यले नै खोज्नुपर्छ। कर्णालीका १० वटै जिल्लामा तीन हजारभन्दा बढी सामुदायिक विद्यालय सञ्चालनमा छन्। ती विद्यालयमा अध्ययन गर्ने हजारौं बालबालिकाको भविष्य शिक्षक अभावका कारण जोखिममा पर्नु दुर्भाग्यपूर्ण हो। शिक्षा भवन निर्माण वा निःशुल्क घोषणाले गुणस्तरीय हुँदैन। पर्याप्त शिक्षक, विषयगत जनशक्ति, पेशागत सुरक्षा र दीर्घकालीन शैक्षिक योजना बिना शिक्षामा सुधार सम्भव छैन। अब सरकारले निःशुल्क शिक्षाको घोषणामा सीमित नगराई विद्यालयको वास्तविक आवश्यकता बुझेर शिक्षक दरबन्दी पुनरावलोकन, विषयगत शिक्षक व्यवस्थापन र दुर्गम क्षेत्रमा कार्यरत शिक्षकका लागि प्रोत्साहन नीति ल्याउनतर्फ ध्यान दिनु पर्दछ। अन्यथा, सामुदायिक शिक्षाको साख जोगाउन अभिभावकको चन्दामा निर्भर रहनुपर्ने बाध्यता कायमै रहने छ।

# कर प्रक्रियामा सरलीकरण



डा. सुशील पौडेल




नेपालमा कायम रहेका कर तथा विविध शुल्कले व्यावहारिक रूपमा सर्वसाधारण उपभोक्ता तथा व्यापारिक समुदायलाई कठिनाइ भइरहेको छ। यी कठिनाइ कस्ता छन् त यहाँ चर्चा गर्ने प्रयास गरिएको छ। आगामी बजेटमा यस क्षेत्रका समस्या सम्बोधन गर्न यो चर्चाले सहयोग गर्ने अपेक्षा पनि गरिएको छ।

### अग्रिम कर कट्टी

सेवाशुल्क भुक्तानीमा लाग्ने १.५ प्रतिशत टिडिएसको उद्देश्य कर सङ्कलनलाई सुरक्षित गर्दै राज्यको कर क्रमिक रूपमा उठाउँदै जानु हो तर व्यवहारमा भुक्तानीकर्ताले वस्तु र सेवा दुवैमा अग्रिम कर कट्टी गर्ने तर समयमै दाखिला नगर्दा आपूर्तिकर्ताको कर खातामा क्रेडिट ढिलो देखिने समस्या छ। अहिलेको कम्प्युटर इज्ड बिलिङ प्रणालीमा साउनमै लेखा पर ीक्षण प्रतिवेदन बुझाई हिसाब राफसाफ गर्न सकिने अवस्थामा पनि क्रेडिटमा हुने ढिलाइले यसका सरोकारवालालाई अनावश्यक तनाव हुने गरेको छ। तसर्थ यो नियम परिवर्तन गरौँ। विक्रेता स्वयम्लाई १३ प्रतिशत भ्याट तिरेकै समयमा मासिक रूपमा सम्पूर्ण सेवा र वस्तु बिक्रीको १.५ प्रतिशत टिडिएस तिर्न दिइयो भने ठुलो राहत मिल्ने छ। हामी हाम्रो कर आफैं तिर्न चाहन्छौं, मेरो कर अरूलाई समयमै तिरिदिन ताकिता गरेर बस्नु समयको बर्बादी हो। यसबाट कम्तीमा पनि देशले १० अर्ब रुपियाँभन्दा बढी अतिरिक्त आम्दानी गर्न सक्छ। टिडिएस अपचलन हुने गरेको पनि बेला बेलामा चर्चामा हुने गरेको छ। यसको छानबिन गरियो भने ठुलो अनियमितता पनि बाहिर आउन सक्छ।

### ऋण लिन राजस्व तिर्नुपर्ने

नेपालमा बैङ्क वा वित्तीय संस्थाबाट ऋण लिन घरजग्गा धितो राख्नुपर्दा मालपोत कार्यालयमा तिर्नुपर्ने राजस्व अत्यधिक रहेको छ। उदाहरणका लागि तीन करोड रुपियाँ ऋणका लागि तीन वटा जग्गा फरक फरक मालपोत कार्यालयमा धितो राखियो भने प्रत्येक स्थानमा ७५ हजार रुपियाँका दरले जम्मा दुई लाख २५ हजार रुपियाँ राजस्व तिर्नुपर्ने हुन्छ। सरकारले सेवा दिएपछि सेवाशुल्क लिनु स्वाभाविक हो तर यति धेरै राजस्व किन आवश्यक छ भन्ने प्रश्न उठ्ने गरेको छ। यस्तो व्यवस्थाले सर्वसाधारण तथा व्यवसायी दुवैलाई थप आर्थिक भार परेको छ।

### ऋण प्रक्रिया तथा नवीकरण

मानौं तपाईंले कुनै बैङ्कबाट पाँच करोड रुपियाँको दीर्घकालीन ऋण लिनुभयो। अब प्रक्रिया शुल्क (प्रोसेसिङ फिस) तथा वार्षिक नवीकरण शुल्कबापत रकम तिर्नु पर्छ। बैङ्कहरूले सामान्यतया ०.७५ प्रतिशतदेखि दुई प्रतिशतसम्म वार्षिक शुल्क लिने गर्छन्। त्यसैले बैङ्क अनुसार तपाईंले वार्षिक तीन लाख ७५ हजारदेखि १० लाख रुपियाँसम्म नवीकरण शुल्क तिर्नुपर्ने हुन्छ। यसरी बैङ्कहरूले लिने प्रारम्भिक र नवीकरण शुल्क अत्यन्त धेरै हुने हुँदा ऋणीलाई ब्याजको जत्तिकै दबाब वार्षिक शुल्कको पनि पर्छ। सुरुमै अत्यधिक शुल्क लिइसकेपछि हरेक वर्ष नवीकरण शुल्क लिनुको कुनै स्पष्ट तर्क देखिँदैन। यस्तो व्यवस्थाको खारेजीले सर्वसाधारणलाई समेत निर्धक्क ऋण लिन सक्ने वातावरण बन्छ। यो व्यवस्थालाई विद्यालयले हरेक वर्ष अनावश्यक रूपमा नयाँ भर्ना शुल्क लिने अभ्याससँग तुलना गर्न सकिन्छ।

### दोहोरो कर खारेजी

कम्पनीले वार्षिक आम्दानीमा लाग्ने २५ प्रतिशत कर्पोरेट आयकर तिरिसकेपछि पनि सञ्चालकले उक्त नाफा व्यक्तिगत रूपमा प्रयोग गर्न वा अर्को कम्पनीमा पुनः लगानी गर्न चाहेमा थप पाँच प्रतिशत लाभांश कर तिर्नुपर्ने व्यवस्था छ। अर्थशास्त्रमा यसलाई प्रायः 'आर्थिक दोहोरो कर' भनिन्छ। सरकारले भने कम्पनी र व्यक्ति फरक करदाता भएकाले यो छुट्टाछुट्टै कर भएको तर्क प्रस्तुत गर्छ तर व्यवहारमा एउटै आम्दानीमाथि विभिन्न तहमा पुनः कर लगाइँदा लगानीकर्ताले दोहोरो करको भार महसुस गर्ने गरेका छन्। यस्तै बैङ्क ब्याजमा लाग्ने करलाई पनि कतिपयले दोहोरो करको स्वरूपका रूपमा हेर्ने गर्छन् किनकि उक्त रकमको मूल स्रोतमा कर्पोरेट आयकर वा लाभांश कर पहिले नै तिरिएको हुन्छ। विदेशमा गरिएको आम्दानीमा सम्बन्धित देशले कर उठाइसकेको अवस्थामा पनि नेपालसँग दोहोरो कर परिहार सम्झौता नभएका देशको हकमा पुनः नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ। यस्तो दोहोरो करलाई पूर्ण खारेज गर्न सकिएको खण्डमा दीर्घकालीन आर्थिक सुधार, लगानी प्रवर्धन तथा व्यावसायिक वातावरण सुधारमा उल्लेखनीय प्रभाव पर्ने छ।

### पुँजीगत लाभकर तथा वैदेशिक लगानी

पुँजीगत लाभकरलाई धेरैले दोहोरो करका रूपमा हेर्छन्। सिङ्गापुरमा पुँजीगत लाभकर शून्य छ भने नेपालमा नन-बिजनेस चार्जेबल सम्पत्तिहरू- जस्तै जग्गा, घर तथा सेयरमाथि निश्चित अग्रिम कर कट्टा हुन्छ। सिङ्गापुरले जग्गा, सेयर तथा अन्य लगानी बिक्रीबाट भएको नाफालाई सामान्यतया करयोग्य आम्दानीका रूपमा मान्दैन। त्यहाँ यस्तो आम्दानीलाई व्यापारिक आम्दानी नभई पुँजीगत प्रकृतिको मानिन्छ। नेपालमा भने पुँजीगत लाभकर लगाई व्यापारी तथा लगानीकर्तामाथि अतिरिक्त बोझ थोपरिन्छ, जबकि राज्यको कुल कर सङ्कलनमा यसको योगदान अपेक्षाकृत न्यून अर्थात् केही अर्ब रुपियाँ मात्र छ। संसारभर पुँजीगत लाभकरमा छुट दिने नीतिलाई अत्यन्त आकर्षक मानिन्छ, जसले विश्वभरका लगानीकर्तालाई नेपालमा एकैचोटि लगानीका लागि आकर्षित गर्न सक्छ। यदि सर कारले तत्कालका लागि अत्यधिक कर सङ्कलनको लोभ छाडेर १३ प्रतिशत मूल्य अभिवृद्धि कर तथा २५ प्रतिशत कर्पोरेट करमै सन्तुष्ट भई (कर्पोरेट करलाई १८ देखि २० प्रतिशतसम्म झार्दा झनै उत्तम) दीर्घकालीन सुधारका लागि पुँजीगत लाभकर र दोहोरो लाभकर खारेज गरेमा नेपालमा वैदेशिक लगानी भित्रिने सम्भावना बढ्छ। त्यस्तो अवस्थामा अर्बौं रुपियाँ मात्र होइन, खर्बौं डलर बर ाबरको लगानी भित्रिने सम्भावनासमेत रहन्छ।

विद्युत् कति महत्वपूर्ण आधारभूत पूर्वाधार हो भने यदि ३६५ दिनमध्ये एक दिन पनि विद्युत् आपूर्ति अवरुद्ध भयो भने अन्तर्राष्ट्रिय लगानीकर्ता नेपालमा लगानी गर्न हिचकिचाउँछन्। नेपाल विद्युत् प्राधिकरण जस्तै अर्को विद्युत् वितरण कम्पनी स्थापना गरी वैकल्पिक तथा भरपर्दो विद्युत् वितरण संरचना विकास गरियो भने मात्र हामी अन्तर्राष्ट्रिय मापदण्डमा पर्छौं। अन्यथा हाम्रा नीतिनियम कागजमै सीमित हुने छन्, विकासका सपना बेलुन झैं फुट्ने छन् र नियम जति नै लगानीमैत्री बनाए पनि ठुला अन्तर्राष्ट्रिय लगानीकर्ता नेपाल आउन हिचकिचाउँछन्। यसै गरी नेपालमा घरभाडा कर घरधनीले तिर्नुपर्ने हो तर अवैध सम्झौता गरी कम्पनीलाई नै तिर्न लगाइन्छ। यसो गर्दा कम्पनी र घरधनी दुवैको आयस्रोत कम देखिई राज्यले वार्षिक अर्बौं रुपियाँ कर गुमाउँछ। घर भाडा कम देखाई गरिने कर छलीको कुरा त अनौठो हुँदै भएन।

### कर तिरेको रकम

सूचना प्रविधि आउट सोर्सिङको काम गरी विदेशबाट गरिएको आम्दानीमा पाँच प्रतिशत सेवाशुल्क लगाइने गरिएको छ। बैङ्क खातामा पैसा आउनेबित्तिकै स्वतः उक्त कर कट्टा गर्ने गरिन्छ। एकातर्फ सूचना प्रविधिलाई उच्च प्राथमिकता दिने सरकारको नीति छ, अर्कोतिर विदेशबाट थोरै मात्र डलर आउनेबित्तिकै बैङ्कले उक्त रकम रोक्का गरी स्पष्टीकरण सोध्ने, केवाइसी भराउने तथा कर कट्टा गर्ने गर्छ तर बैङ्कले ब्याजमा काटेको कर होस् वा सूचना प्रविधि कर, कमै मात्र टिडिएसमा देखिन्छ, जबकि सेयर कारोबारपछि तिरेको कर सेयरधनीले नागरिक एपको स्टेटमेन्टमा सिधै हेर्न सक्छन्। यसरी कर कार्यालयले झैँ गरी जनताको खाताबाट कर काट्ने तर प्यानमा जम्मा नगर्ने, बिचमै गायब हुने समस्या कहिले समाधान होला ?

### आयकर गणनाका अप्ठ्यारा

कर प्रणाली सरल, पारदर्शी र आयमा आधारित हुनु पर्छ। नेपालमा आयकर विवाहित र अविवाहित व्यक्तिका लागि फरक फरक रूपमा गणना गरिन्छ, जहाँ विवाहित दम्पतीलाई केही बढी कर छुट सीमा प्रदान गरिएको छ तर यस्तो व्यवस्थाले कर गणनामा अनावश्यक जटिलता मात्र होइन, कर चुहावट पनि बढाएको हुँदा विवाहित र अविवाहित भनी छुट्याउने प्रणाली हटाउनु उपयुक्त हुन्छ। करको दायरामा पुनर्विचार गरी समदर कर प्रणाली अपनाउनु पर्छ।

### कर छली कम गर्ने उपाय

करका कुरा त धेरै गरिन्छ तर मूल्य अभिवृद्धि कर मात्र उठाउन पनि आफ्ना स्रोत प्रयोग गरी अनुगमन गरिएको पाइँदैन। सर कारले गर्ने लेखा परीक्षण अनुगमनको एउटा मात्र अस्त्र हो। त्यही पनि नियमित नहुने गरेको भन्ने सुन्नमा आएको छ। त्यसो भए अनुगमनमा के कस्ता प्रयोग होलान् त ? त्यसै पनि परीक्षणका बेला कर अधिकृतले अनैतिक कारोबारका लागि बाध्य पारी सरकारी खातामा जाने करको केही भाग लेनदेनमै मिलाउने गरेको कुरा जगजाहेर नै छ। खासमा १० करोडभन्दा बढी कारोबार गर्ने देशभरिमा जम्मा १४ हजार व्यापारी छन् तर तिनीहरूको अनुगमन कर कार्यालयले गर्न सकेको छैन। कुनै सामान किन्न गयौं भने रकम तिरे बराबरको बिलबीजक दुई/चार वटा पसलबाहेक अरू कसैले दिन चाहँदैनन्। यो समस्या देशैभरि छ तर सरकार भने करको दायरा बढाउने नाममा जो नियमित रूपमा कर तिर्छन्, तिनलाई मात्र थप तिराउन चाहन्छ। जबकि वास्तविक कर उठाउन जनतालाई नै उत्प्रेरित गर्नु पर्छ। *(गोरखापत्र)*

## विश्व

# चीन-अमेरिका महसुल सहकार्य

**बेइजिङ, ६ जेठ।**

चीन र अमेरिकाबीच लामो समयदेखि जारी व्यापार तनावलाई थप नरम बनाउने सङ्केतस्वरूप बेइजिङले वासिङ्टनसँग मिलेर पारस्परिक महसुल कटौतीको प्रक्रिया अघि बढाउने जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालै सम्पन्न चीन भ्रमणपछि बुधबार सार्वजनिक गरिएको चिनियाँ वाणिज्य मन्त्रालयको विज्ञप्तिमा दुवै देशले अर्बौं डलर बराबरका सामानमा लाग्दै आएको अतिरिक्त महसुल घटाउने दिशामा काम गर्ने सहमति भएको उल्लेख गरिएको छ।

विश्वका दुई ठूला अर्थतन्त्र चीन र अमेरिकाबीच सन् २०२५ भर व्यापारिक प्रतिस्पर्धा चर्किएको थियो। एकअर्कामाथि लगातार महसुल बढाउने क्रमले विश्व बजारमा समेत प्रभाव पारेको थियो। तर गत अक्टोबरमा दक्षिण कोरियामा दुई देशका नेताबीच भएको भेटपछि व्यापार युद्धलाई एक वर्षका लागि रोक्ने सहमति बनेको थियो। त्यसयता सम्बन्ध सुधारका लागि विभिन्न चरणमा वार्ता अघि बढाइएको छ।

गत साता सम्पन्न शिखर वार्तापछि दुवै देशले संयुक्त व्यापार परिषद् गठन गरेका छन्। चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार सो परिषद्को मातहतमा दुवै पक्षले 'समान स्तरका उत्पादनहरूमा पारस्परिक महसुल कटौतीका लागि ढाँचागत व्यवस्था' तयार गर्ने विषयमा सैद्धान्तिक सहमति जनाएका छन्। मन्त्रालयले यसलाई व्यापारिक सम्बन्धलाई स्थिर बनाउने महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गरेको छ।

वाणिज्य मन्त्रालयका एक अज्ञात अधिकारीलाई उद्धृत गर्दै जारी गरिएको अनलाइन विज्ञप्तिमा प्रस्तावित महसुल कटौतीबाट दुवै पक्षका कम्तीमा ३० अर्ब डलर मूल्य बराबरका सामान प्रभावित हुने जनाइएको छ। यसले औद्योगिक सामग्रीदेखि उपभोग्य वस्तुसम्मका विभिन्न उत्पादनमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ।

चीनले वार्ताका क्रममा अमेरिकाले गरेका प्रतिबद्धता कार्यान्वयन हुने अपेक्षा पनि व्यक्त गरेको छ। बेइजिङले गत वर्ष भएको व्यापार युद्धविराम सम्झौतालाई थप विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै दुवै पक्षबीच सहकार्य निरन्तर रहनुपर्ने जनाएको छ।

द्विपक्षीय सम्बन्ध सुधारको अर्को सङ्केतस्वरूप चीनले केही अमेरिकी गोमांस निर्यातकहरूको दर्ता पुनर्स्थापना गरेको जानकारी पनि दिएको छ। व्यापार तनाव उत्कर्षमा पुगेपछि ती कम्पनीहरूमाथि प्रतिबन्ध लगाइएको थियो। अहिले पुनः अनुमति दिइनुलाई कृषि व्यापार सहज बनाउने प्रयासका रूपमा हेरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

**वृष** – तार्किक क्षमता बढ्नेछ भने बुद्धिको माध्यमले लक्ष्यमा पुर्याउन सक्छ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ।

**मिथुन** – रमाइलो दिन छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**कर्कट** – आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

**सिंह** – प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ। व्यापारमा अड्किएको रकम उठ्नेछ। भविष्यका लागि रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

**कन्या** – नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

**तुला** – चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ।

**वृश्चिक** – स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहोला। काम बिग्रने भयले सताउनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला।

**धनु** – परिवारजनको साथले नयाँ आशा जगाउनेछ। मन मिल्ने साथीसँग भेट हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्य आम्दानी दिलाउनेछ।

**मकर** – सहयोग नजुटे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ।

**कुम्भ** – कामको मेसो नमिल्दा पछि परिनेछ। अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

**मीन** – छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ।

# दैलेखको ग्यास उत्खनन अन्योलमा, दबाब बढाउँदै स्थानीय तह

**युग संवाददाता**
**दैलेख, ६ जेठ ।**

यहाँको भैरवी गाउँपालिका-१ स्थित जलजले क्षेत्रमा जमिनमुनि ठूलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भइसकेको छ। तर, दोस्रो चरणको मुख्य काम अगाडि बढ्न नसक्दा यो महत्त्वपूर्ण परियोजना अहिले अन्योलमा परेको छ। प्रारम्भिक अध्ययनले नेपाललाई वर्षौंसम्म पुग्ने ग्यासको सम्भावना देखाएपछि एक समय राष्ट्रिय चर्चामा रहेको यो आयोजना अहिले ठोस कार्यतालिका अभावमा सुस्ताएको हो ।

यसैबीच, दैलेख र कालिकोट जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, जिल्ला प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरूको जेठ ३ गते महाबुलेकमा बसेको ऐतिहासिक संयुक्त बैठकले समेत यो मुद्दालाई जोडदार रूपमा उठाएको छ। बैठकले जलजलेको पेट्रोलियम पदार्थको वास्तविक क्षमता एकिन गरी उत्खनन कार्यलाई द्रुतगतिमा अघि बढाउन सरकारसँग माग गर्ने निर्णय पारित गरेको छ ।

चीन सरकारको करिब रु दुई अर्ब १७ करोड अनुदान सहयोगमा 'चाइना जिओलोजिकल सर्भे'ले सन् २०१९ देखि यहाँ अध्ययन गरिरहेको छ । चिनियाँ प्राविधिक टोलीले नेपाल सरकारलाई बुझाएको प्रतिवेदनअनुसार जलजले क्षेत्रको जमिनमुनि करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यासको भण्डार छ। यो परिमाण नेपाललाई ५० देखि ६० वर्षसम्मका लागि पुग्ने अनुमान गरिएको छ । खानी तथा भूगर्भ विभागको समन्वयमा



सो क्षेत्रमा नेपालकै सबैभन्दा गहिराइ चार हजार १३ मिटरसम्म ड्रिलिङकार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ।

परियोजनाका सूचना अधिकारी प्रकाश लुइँटेलका अनुसार पहिलो चरणको प्राविधिक प्रतिवेदन चिनियाँ पक्षले बुझाइसकेको छ। तर, अबको मुख्य काम भनेको ग्यासको उत्पादकत्व र व्यावसायिक भण्डारणको अन्तिम परीक्षण गर्ने हो । यो दुई देशको सरकार (जीटुजी) तहको परियोजना भएकाले आगामी प्रक्रियाका लागि चिनियाँ पक्षलाई अनुरोधपत्र पठाइए पनि उताबाट आधिकारिक जवाफ र स्पष्ट कार्यतालिका आउन बाँकी हुँदा काममा ढिलाइ भएको उनले बताए।

यदि दैलेखबाट ग्यास उत्खनन सुरु गर्न सकिएमा यो अर्बौं रुपैयाँ स्वदेशमै रोकिनेछ । उत्पादित मिथेन ग्यासलाई गाडीमा सिएनजीका रूपमा, उद्योगहरूमा इन्धनका रूपमा र घरघरमा भान्छाको ग्यासको विकल्पका रूपमा सजिलै प्रयोग गर्न सकिन्छ। यसले अन्तरराष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा वा नाकाबन्दी हुँदा पनि देशको ऊर्जा सुरक्षालाई बलियो बनाउने विज्ञहरूको भनाइ छ।

दुल्लु पञ्चकोशी क्षेत्र विकास संस्थाका अध्यक्ष नवीन योगीले यो परियोजना दैलेखको मात्र नभई समग्र नेपालकै आर्थिक रूपान्तरणको महायज्ञ भएको बताए। उनले सरकारले यसलाई आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा 'शीर्ष राष्ट्रिय प्राथमिकता' मा राखेर द्रूतमार्गबाट अघि बढाउनुपर्ने जोड दिए। अध्यक्ष योगीले उत्खनन गर्दा दैलेखका स्थानीयवासीको रोजगारी र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्ने तथा ऐतिहासिक एवं धार्मिक महत्त्वको पञ्चकोशी ज्वाला क्षेत्र (शिरस्थान, नाभिस्थान र पादुकास्थान)को संरक्षण गरिनुपर्ने मागसमेत गरे।

समुद्र सतहदेखि चार हजार १६८ मिटरको उचाइमा अवस्थित महाबुलेकमा भएको उक्त बैठकले पेट्रोलियम पदार्थको उत्खननका साथै छ बुँदे ऐतिहाँसिक साझा प्रतिबद्धता पारित गरेको छ। बैठकले नेपाल, भारत र चीनलाई छोटो दूरीमा जोड्ने रणनीतिक महत्त्वको त्रिदेशीय 'महाबु सडकखण्ड'को बाँकी रहेको ट्र्याक (मार्ग) खोल्न र स्तरोन्नतिका लागि सङ्घीय तथा प्रदेश सरकारसँग पर्याप्त बजेट माग गर्ने निर्णय गरेको छ।

बैठकमा कर्णाली प्रदेशसभाकी उपसभामुख यशोदा न्यौपाने, नारायन नगरपालिकाका प्रमुख लोमन शर्मा, महाबु गाउँपालिकाका अध्यक्ष जङ्गबहादुर शाही, नौमूले गाउँपालिकाका अध्यक्ष छविराम सुवेदी, कालिकोट जिल्लाबाट महावै गाउँपालिकाका अध्यक्ष खेमराज सिहंलगायतले महाबु सडक कर्णालीको समृद्धिको 'लाइफ लाइन' भएको र यसले भारतको जमुनाहदेखि चीनको नाक्चेनाग्लासम्मको दूरी छोट्याउने उल्लेख गरे। बैठकले धार्मिक क्षेत्र महावै धामको व्यवस्थित विकास, वैकल्पिक सडक निर्माण, सीमा सुरक्षा र महाबु क्षेत्रलाई पर्यावरणीय हबका रूपमा विकास गर्ने प्रस्तावसमेत पारित गरेको छ।

सडक कच्ची र जीर्ण भएका कारण दैलेख सदरमुकामदेखि महाबु आवतजावत गर्नमात्रै १६ घण्टा लाग्ने विकटता छ। यातायात र सञ्चारको चरम असुविधा हुँदाहुँदै पनि ऐतिहासिक बैठक सम्पन्न भएको छ।

# सेनालाई विश्व वन्यजन्तु कोषको सम्मान

**युग संवाददाता**
**काठमाडौँ, ६ जेठ ।**

विगत करिब ५० वर्षदेखि प्रकृति तथा पर्यावरण संरक्षण सुरक्षा कार्यमा पुर्‍याएको योगदानको कदरस्वरुप विश्व वन्यजन्तु कोष नेपालले नेपाली सेनालाई विशेष सम्मान प्रदान गरेको छ। कोषको ३३औं स्थापना दिवसका अवसरमा प्रकृति र पर्यावरण संरक्षणका क्षेत्रमा पुर्‍याएको योगदानको कदरस्वरूप मङ्गलबार सो सम्मान प्रदान गरिएको नेपाली सेनाले जनाएको छ।

यसअघि पनि सन् २०११, २०१३, २०१५, २०१६, २०१८ र २०१९ लाई शून्य सिकार वर्षका रूपमा मनाउन सफल भएकाले सेनाका विभिन्न छवटा युनिट 'अब्राहम कन्जर्भेसन अवार्ड' बाट सम्मानित भएका थिए। साथै बर्दिया राष्ट्रिय निकुञ्ज यसअघि 'डबल टाइगर अवार्ड' बाटसमेत सम्मानित भएकामा यस वर्ष वन्यजन्तु कोषले पनि विशेष सम्मान प्रदान गरेको छ।

नेपाली सेना विसं २०३२ बाट औपचारिक रूपमा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ तैनाथ हुँदै आएको र हाल १२ वटा राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष र एक सिकार आरक्षको संरक्षणमा आठवटा गण, सात अनाश्रित गुल्म र एक प्रकृति संरक्षण शिक्षालय तैनाथ छन्। यी युनिटका करिब हजारभन्दा बढी फौज निरन्तर परिचालित हुँदै आएको छ।

यसको परिणामस्वरूप सन् २००९ मा १२१ को सङ्ख्यामा रहेको पाटे बाघ हाल ३५५ र सन् २००५ मा ४०० को सङ्ख्यामा रहेको एकसिङ्गे गैंडा हाल ७५२ मा वृद्धि भएको छ। जटिल भौगोलिक बनावट तथा मौसमी प्रतिकूलता एवं विषम परिस्थितिका बाबजुद प्रकृति र पर्यावरणको संरक्षणका क्षेत्रमा सुम्पिएको जिम्मेवारी सेनाले सफलतापूर्वक सम्पादन गर्दै आइरहेको र यसक्रममा हालसम्म नेपाली सेनाका ११६ जनाको ज्यान गएको पनि सेनाले जनाएको छ।

# चार घाइतेको हेलिकप्टरमार्फत उद्धार

**युग संवाददाता**
**बाजुरा, ६ जेठ ।**

हिमाली गाउँपालिकाको रानीसैनमा सीमा विवाद हुँदा हुम्लाका स्थानीयको आक्रमणबाट घाइते भएका चार जनालाई हेलिकप्टर मार्फत उद्धार गरिएको छ।



हिमाली गाउँपालिका-३ लाम्पाटामा अस्थायी प्रहरी चौकी निर्माण भइरहेको बेला हुम्लाको खार्पुनाथ गाउँपालिका-२ थालीका बासिन्दाले आक्रमण गरेका थिए । सो आक्रमणबाट ६ जना घाइते भएका थिए।

आक्रमणमा परी हिमाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापा, वडा नम्बर ३ का वडासदस्य पेमा गारा गुरुङ, उनकी श्रीमती लक्ष्मी गुरुङ, स्थानीय मीनु कुँवर र नरबहादुर गुरुङ तथा प्रहरी चौकी विच्छ्यामा कार्यरत प्रहरी सहायक हवल्दार महेश धामी घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नरेशबहादुर शाहीले जानकारी दिए।

घाइते भएकामध्ये चार जनालाई हेलिकप्टरमार्फत कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल लगिएको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए। उनका अनुसार गाउँपालिकाले नै खर्च व्यहोर्ने गरी निजी कम्पनीको हेलिकप्टरमार्फत घाइतेको उद्धार गरिएको हो।

अनुसुची–१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८३/०२/०७**

श्री सुन्दरीजल सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) २८ थान ५३१.०५ क्यू.फि., ग्रेड (बि) ८ थान ६६.८४ क्यू.फि., ग्रेड (सि) १ थान ५.३६ क्यू.फि. गरी जम्मा ३७ थान ६०३.२४ क्यू.फि., असना ग्रेड (ए) ७ थान ९२.६७ क्यू.फि., ग्रेड (बि) ३ थान ३३.२१ क्यू.फि. गरी जम्मा १० थान १२५.८८ क्यू.फि. गरी कुल जम्मा ४७ थान ७२९.१२ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री श्री सुन्दरीजल सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेत श्री वेतान कर्णाली सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री सुन्दरीजल सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-०३, सुर्खेत।**

# नगर प्रहरीले दुर्व्यवहार गरेकी महिलालाई १० हजार क्षतिपूर्ति



**युग संवाददाता**
**सुर्खेत, ६ जेठ ।**

सुरर्खेतको वीरेन्द्रनगर नगरपालिकाले सडकमा काफल बेच्न हिँडिरहेकी एक महिलामाथि नगर प्रहरीले दुर्व्यवहार गरेको विषयमा माफी मागेको छ। मंगरबार साझ वीरेन्द्रनगर नगरपालिका-६, स्थित सिटी बसपार्क क्षेत्रमा सडक पेटी र फुटपाथ व्यवस्थापन गर्ने क्रममा नगर प्रहरीले डालोमा काफल बेच्दै गरेकी महिलामाथि दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो । उक्त भिडियोमा डालोमा भएको काफल नगर प्रहरीले छरपस्ट पारिदिएका थिए। भिडियो सार्वजनिक भएसँगै नगरपालिकाको व्यापक आलोचनापछि विज्ञप्ती निकालेर नगरपालिकाले गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो । कालीकोट स्थायी ठेगाना भई हाल वीरेन्द्रनगर-३, धमिला चौलागाईलाई बुधबार नगरपालिकामा बोलाएर नगर प्रमुख मोहनमाया ढकालले १० हजार क्षतिपूर्ति दिदै माफि मागेकी हुन्।

# हुम्लाको नेप्का गाउँमा पहिरोले विद्यालय भवन बगायो

**युग संवाददाता**
**हुम्ला, ६ जेठ ।**

हुम्लाको चङ्खेली गाउँपालिका-५ नेप्का गाउँमा गए राति खसेको पहिरोले चङ्खेली-५ डाँफेस्थित आधारभूत विद्यालय भवनमा क्षति पुऱ्याएको छ।



एक्कासी असिनापानी परेपछि खसेको पहिराले विद्यालय भवनसहित खेतीयोग्य जग्गा र गोठ पनि क्षति पुऱ्याएको चङ्खेली-५ का बासिन्दा छक्कबहादुर तामाङले जानकारी दिए।

चङ्खेली-५ वडाध्यक्ष हर्कधन तामाङ र धनसिंह तामाङका गोठ पनि पहिरोले पुरेको छ । त्यहाँ रहेका भैंडाबाख्रामा क्षति पुगेको छ। पहिरोले गोठ पुरिए पनि के कति क्षति भयो भन्ने एकिन विवरण प्राप्त नभएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिए।

उनले प्रहरी टोली पहिरो प्रभावित स्थलतिर प्रस्थान गरिसकेको बताए। हुम्ला सदरमुकाम सिमकोटदेखि उत्तरपूर्वमा रहेको चङ्खेली गाउँपालिकाको तल्लो पाली, माथिल्लो पाली, पिप्लाङ र नेप्का गरी चार गाउँ रहेका छन् । गाउँपालिकाको केन्द्र पिप्लाङभन्दा निकै टाढा रहेको नेप्का गाउँ पुग्न करिब पाँच घण्टा पैदल यात्रा गर्नुपर्छ ।

अनुसुची–१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८३/०२/०७**

श्री भित्रीवन सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) ३५ थान ७७९.६० क्यू.फि., ग्रेड (बि) ७ थान ५९.२५ क्यू.फि., ग्रेड (सि) ३ थान १६.६५ क्यू.फि. गरी कुल जम्मा ४५ थान ८५५.४९ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री श्री भित्रीवन सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेत श्री वेतान कर्णाली सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री भित्रीवन सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-०३, सुर्खेत।**

# अतिक्रमण हटेपछि चिटिक्क बन्दै सडकपेटी

**युग संवाददाता**
**बाँके, ६ जेठ ।**

नेपालगञ्ज उपमहानगर पालिकाले सहरको मुख्य सडक सुर्खेतरोडमा अतिक्रमण हटाएर सडकपेटीलाई व्यवस्थित बनाउने अभियान सुरु गरेसँगै सडकको मुहार फेरिएको छ। उपमहानगरपालिकाले सडकपेटी कब्जा गरेर बनाइएका अवैध संरचनालाई धमाधम हटाएर नयाँ स्वरूपमा फुटपाथ निर्माण गरिरहेको छ।

अहिले गणेशमानचोकदेखि सुर्खेतरोडको पश्चिमतर्फ बीपीचोक हुँदै धम्बोझी चोकसम्मको क्षेत्रमा सडकपेटी निर्माण कार्य सम्पन्न भइसकेको छ। हिजो भद्रगोल क्षेत्र अहिले सफा, व्यवस्थित र चिटिक्क देखिएको छ।

सुर्खेतरोडको पश्चिमतर्फको नालादेखि सात फिटसम्मको अतिक्रमित फुटपाथ क्षेत्र खाली गराएर नयाँ निर्माण गरिएको हो । यो सडकपेटी निर्माण केवल हिँड्नका लागि मात्रै नभई सहरको दीर्घकालीन सौन्दर्य र सबै नागरिकको पहुँचलाई ध्यानमा राखेर डिजाइन गरिएको नगर प्रमुख प्रशान्त विष्टले बताए।

"हामीले सडकपेटीलाई सात फिट फराकिलो बनाएका छौं", नगर प्रमुख विष्टले भने, "यो फुटपाथ आम पैदलयात्रीका लागि मात्र होइन, अपाङ्गता भएका व्यक्तिहरू सहजै आवतजावत गर्न सक्नेगरी अपाङ्गमैत्री बनाइएको छ। यसलाई हरियालीयुक्त बनाउन वृक्षरोपणको काम पनि भइरहेको छ।"

उपमहानगरपालिकाको यो अभियान धम्बोझीमै रोकिने छैन। धम्बोझीबाट अगाडि बढेर पुष्पलाल चोकसम्मै सडकपेटी निर्माण गर्ने, पैदलयात्रीलाई सहज बनाउने र सडक किनारमा वृक्षरोपण गरी हरियाली कायम गर्ने योजना स्थानीय सरकारको छ। वर्षौंदेखिको गहिरो गरी गडेको अतिक्रमण हटाउन उपमहानगरपालिकाले दृढता देखाउँदै डोजरसमेत प्रयोग गर्नुपरेको थियो, जसको परिणाम अहिले सडकमा प्रस्ट देखिन थालेको नेपालगञ्ज उपमहानगर पालिकाका प्रवक्ता प्रमोद रिजालको भनाई छ।

स्थानीय सरकारको यो कदमबाट नेपालगञ्जका बासिन्दा तथा नागरिक समाज निकै उत्साहित देखिएका छन् । सडकपेटी व्यवस्थित भएसँगै बजार क्षेत्रमा सवारी दुर्घटनाको जोखिम घट्ने र सहरी सौन्दर्यता बढ्ने उनीहरूको विश्वास छ।

"सडकपेटी निर्माणले पैदलयात्रीलाई आवगमनमा निकै सहजता थपेको छ। यसले सहरको सौन्दर्यता समेत ह्वात्तै बढाएको छ", नेपालगञ्जका नागरिक अगुवा तेजबिक्रम शाह भन्छन्, "यो अभियानलाई अझै विस्तार गर्न आवश्यक छ। मुख्य सडक सुर्खेतरोडको दुवैतर्फ यसै गरी व्यवस्थित सडकपेटी निर्माण हुनेछ, तब नेपालगञ्जको मुहारमै ठूलो परिवर्तन आउनेछ।"

अतिक्रमण हटाएर फुटपाथलाई नागरिकको अधिकारका रूपमा फिर्ता गराउने नेपालगञ्ज उपमहानगर पालिकाको यो प्रयास उदाहरणीय रहेको उल्लेख गर्दै शाहले अब निर्माण गरेको सडकपेटीलाई सधैंका लागि अतिक्रमणमुक्त राख्नु र हरियालीको संरक्षणमा समेत ध्यान दिनुपर्नेमा जोड दिए।

कुनै समय नेपालगञ्जको मुख्य सडक सुर्खेतरोडको किनारैकिनार हिँड्ने पैदलयात्रीहरू सधैं त्रसित हुन्थे। सडकपेटी (फुटपाथ) त थियो, तर त्यहाँ न मानिस हिँड्ने ठाउँ थियो, न त सहज रूपमा पाइला टेक्न नै मिल्थ्यो। व्यापारीका सामान, ठेलागाडा र अवैध रूपमा ठडिएका भौतिक संरचनाले फुटपाथ पूर्णरूपमा कब्जामा थियो। पैदलयात्रीहरू बाध्य भएर गुडिरहेका गाडीकै बीचबाट जोखिमपूर्ण रूपमा मूल सडकमा हिँड्नुपर्थ्यो।


अहिले नेपालगञ्जको यो परिदृश्य बदलिएको छ। सडक किनारका अवैध संरचनामाथि स्थानीय सरकारले डोजर चलाएपछि सुर्खेतरोडले नयाँ र आधुनिक रूप लिन थालेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए।

**वीरेन्द्रनगर नगरपालिका**
**वडा नं. १० को कार्यालय, सुर्खेत**
**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

**(प्रकाशित मिति २०८३/०२/०७ गते**

सुर्खेत वी.न.नपा. लाटिकोइली बस्ने श्री विरेन्द्र ब. खड्काले यस वी.न.नपा।मा साविक वी.न.नपा. १० कि.नं. १२०७ क्षेत्रफल ०-०-६१/४ वर्ग मी. को पूर्व बाटो, पश्चिम शान्ति राज पौडेल, उत्तर छापे ऐडी, दक्षिण करसिह राना यती चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निमार्ण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८३/०१/०५ मा निवेदन दिनुभएकोले सोको लागि स्था. सरकार संचालन ऐन २०७४ को परिच्छेद-७ अनुसार सो बनाउने घरको संधियार कोही कसैलाई पिर मर्का पर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित मितिले ७ दिन भित्र यस वीरेन्द्रनगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र पर्न नआएका उजुरप्रति कुनै कारवाही गरीने छैन।

# जुम्लामा अझै चर्पी विहीन सयौं परिवार



**गोल्डेन बुढा**
**जुम्ला, ६ जेठ ।**

जुम्लालाई वि.सं. २०७२ फागुन २० गते खुला दिसामुक्त क्षेत्र घोषणा गरियो।जुम्ला जिल्ला नेपालको ३४ औं खुला दिसा मुक्त जिल्लाको रुपमा घोषणा भएको थियो। तत्कालीन खानेपानी तथा सरसफाई मन्त्री प्रेमबहादुर सिंहले जुम्लालाई खुला दिशा मुक्त जिल्ला घोषणा गरेका थिए ।

जिल्ला खानेपानी तथा स्वच्छता समन्वय समिति सदस्य सचिव अर्जुन कुमार वमद्धारा प्रस्ततु प्रतिवेदनमा हाल जिल्लाका २० हजार ८ सय ४४ घरधुरीको सरसफाईमा पहुँच रहेको, सुधारिएको सौचालय ९३ प्रतिशत,७५ प्रतिशतलाई आधारभुत खानेपानी पुगेको थियो ।

जुम्लाका अधिकांश स्थानीय तहले वर्षौंअघि खुला दिसामुक्त क्षेत्र घोषणा गरे । गाउँ-गाउँमा चर्पी निर्माण अभियान चलाइयो। सरकारी तथा गैरसरकारी संस्थाले सरसफाइलाई विकाससँग जोडेर व्यापक कार्यक्रम सञ्चालन गरे। तर, २०७८ सालको राष्ट्रिय जनगणनाले सार्वजनिक गरेको तथ्यांकले भने जिल्लामा अझै सयौं परिवार शौचालयको पहुँच बाहिर रहेको वास्तविकता उजागर गरेको छ ।

जिल्लाका केही स्थानीय तहमा ९८ प्रतिशतभन्दा बढी परिवारले शौचालय प्रयोग गरिरहेका भए पनि कतिपय दुर्गम बस्तीमा अझै चर्पी निर्माण हुन सकेको छैन । कतै आर्थिक अभाव, कतै पानीको समस्या, त कतै चेतनाको कमीका कारण आधारभूत सरसफाइको अवस्था अझै अपूर्ण देखिएको हो।

चन्दननाथ नगरपालिका मा १.८४ प्रतिशत परिवार शौचालय बिहिन रहेको पाइएको छ। २०७८ को जनगणना अनुसार नगरपालिका भित्र ९८.१६ प्रतिशत घरपरिवारले शौचालय प्रयोग गर्छन् । नगर पालिका भित्र ५ हजार ३ सय ६७ परिवार छन् । जसमध्ये फ्लस भएको सार्वजनिक ढल भएको २६ परिवार, फ्लस नभएको सेप्टिक ट्याङ्क २ हजार ६ सय ६ परिवार, साधारण २ हजार ५ सय ५७, सार्वजनिक ६१ र शौचालय नभएको ९९ घरपरिवार रहेको पाइएको छ । जिल्लाको सदरमुकाम रहेको नगरपालिकामै झण्डै सय परिवार चर्पीविहीन हुनु सरसफाइ अभियानकै लागि चुनौतीपूर्ण तथ्य मानिएको छ । शहरी क्षेत्र विस्तार भए पनि व्यवस्थित ढल, पानी र आधुनिक शौचालय निर्माणको अवस्था अझै कमजोर देखिएको छ । पातारासी गाउँपालिकामा बसोबास गर्ने कुल परिवारमध्ये ९७.७० प्रतिशत चर्पी प्रयोग गर्छन् भने २.३० प्रतिशत नागरिक शौचालय बिहिन छन् ।

कुल परिवार ३ हजार ३ सय ४२ छन् । जसमध्ये फ्लस भएको ९२, फ्लस भएको सेप्टिक ट्याङ्की ८ सय १०, साधारण २ हजार तीन सय ५५ परिवार चर्पी प्रयोग गरिरहेका छन्।

सार्वजनिक ८ परिवार र शौचालय नभएको ७७ परिवार छन् । यस्तै पातारासीमा अझै पनि साधारण चर्पीको प्रयोग अत्यधिक छ । आधुनिक शौचालयभन्दा परम्परागत संरचनामा निर्भरता बढी देखिन्छ। कनकासुन्दरी गाउँपालिका मा ९८.६२ प्रतिशत परिवारले शौचालय प्रयोग गर्छन् भने १.३८ प्रतिशत परिवार पहुँच बाहिर छन् ।

उक्त गाउँपालिकामा कुल परिवार २ हजार ७ सय ५४ बसोबास छन् । फ्लस भएको शौचालय प्रयोग गर्ने २७ परिवार छन् भने फ्लस सेप्टिक ट्याङ्की भएको शौचालय २ हजार २ सय ३० परिवारले प्रयोग गरिरहेका छन्। यस्तै साधारण चर्पी ४ सय ५६, सार्वजनिक ३ र शौचालय बाहिर ३८ परिवार छन् । यहाँ सेप्टिक ट्याङ्की भएका शौचालयको संख्या उल्लेख्य भए पनि सबै परिवारसम्म सुविधा पुग्न सकेको छैन । ग्रामीण बस्तीमा अझै साधारण चर्पीमै निर्भरता देखिन्छ। सिंजा गाउँपालिकामा कुल परिवारमध्ये ९७.३२ प्रतिशत परिवारमा शौचालयको सुविधा पुगेको छ, भने २.६८ प्रतिशत परिवार पहुँच बाहिर छन् । कुल परिवार संख्या २ हजार ३ सय ४२ छ। फ्लस भएको सार्वजनिक ढल ८ परिवारले प्रयोग गरिरहेका छन् । फ्लस भएको सेप्टिक ट्याङ्की भएको शौचालय १ हजार ७ सय ६० परिवारले प्रयोग गरेका छन्। साधारण चर्पी ५ सय १८ परिवारले प्रयोग गर्छन् । सार्वजनिक शौचालय ५ परिवार छन् भने नभएको ६३ परिवार रहेको पाइएको छ।

इतिहास र सभ्यताको केन्द्र मानिएको सिंजामा पनि अझै दर्जनौं परिवार शौचालयविहीन रहनु विकासको असमान पहुँचको संकेतका रूपमा हेरिएको छ । गुठिचौर गाउँपालिका भित्रका ३.८५ प्रतिशत परिवार शौचालयको पहुँच बाहिर रहेको पाइएको छ। ९६.१५ प्रतिशत परिवार प्रयोग गरिरहेका छन् । ९४ परिवारको शौचालय छैन । सार्वजनिक ४, साधारण २ हजार १ सय ९६, सेप्टिक ट्याङ्की १ सय २४ र फ्लस भएको २६ परिवारका चर्पी छन् ।

कुल २ हजार ४ सय ४४ परिवार बसोबास गर्छन्।गुठिचौर मा साधारण चर्पीको संख्या अत्यधिक देखिन्छ। आर्थिक रूपमा कमजोर तथा दुर्गम बस्तीका परिवार आधुनिक शौचालय निर्माण गर्न नसकेको स्थानीय बताउँछन् । तातोपानी गाउँपालिका मा ४.०४ प्रतिशत परिवारका शौचालय छैनन्।

९५.९६ प्रतिशत परिवार पहुँचमा पुगेका छन्। ३ हजार ३ सय १८ परिवारको बसोबास छ। फ्लस भएको शौचालय १ सय ४३, सेप्टिक ट्याङ्की भएको चर्पी १ हजार ७ सय १८ परिवार प्रयोग गर्छन् । साधारण १ हजार तीन सय १९, सार्वजनिक ४ र शौचालय नभएको १ सय ४३ परिवार छन् । जिल्लामध्ये सबैभन्दा बढी चर्पीविहीन परिवार तातोपानीमा देखिएको छ। यहाँ अझै सयभन्दा बढी परिवार आधारभूत सरसफाइ सुविधाबाट वञ्चित छन् ।

तिला गाउँपालिका का १.९५ प्रतिशत परिवार शौचालयको पहुँचमा नपुगेको पाइएको छ भने ९८.०५ प्रतिशत पहुँचमा छन्। कुल परिवार संख्या २ हजार ६ सय ६७ मध्ये फ्लस भएको शौचालय ३ परिवार, सेप्टिक ट्याङ्की भएको १ हजार ८ सय ५६, साधारण ७ सय ५०, सार्वजनिक शौचालय ६ परिवारले प्रयोग गर्छन् । ५२ परिवार चर्पी बिहिन अवस्थामा छन् ।

त्यस्तै हिमा गाउँपालिका मा २ हजार १ सय ७६ परिवारको बसोबास छ । जसमध्ये ४.२३ प्रतिशत परिवार शौचालयको पहुँच बाहिर छन् । ९५.७७ प्रतिशत परिवार शौचालयको पहुँचमा छन् । फ्लस भएको ७, सेप्टिक ट्याङ्की शौचालय १ हजार ४ सय ९९ परिवारले प्रयोग गरिरहेका छन् । साधारण ५ सय ७५, सार्वजनिक ३ परिवार र चर्पी नभएको ९२ परिवार छन्। बस्तीको विकट अवस्थाका कारण हिमा गाउँपालिकामा सरसफाइ पूर्वाधार विस्तार चुनौतीपूर्ण बनेको देखिन्छ।

जनगणनाको तथ्यांकले जुम्लामा शौचालय प्रयोगको पहुँच बढे पनि गुणस्तरीय सरसफाइ अझै चुनौतीकै रूपमा रहेको देखाएको छ । अधिकांश स्थानीय तहमा साधारण चर्पीको प्रयोग अत्यधिक छ भने आधुनिक र सुरक्षित शौचालयको संख्या सीमित छ । खुला दिसामुक्त घोषणा गरेपछि अनुगमन र दिगोपनमा ध्यान नदिँदा कतिपय ठाउँमा सरसफाइ अभियान कागजमै सीमित हुने जोखिम बढेको छ। जिल्लाका दुर्गम बस्तीमा अझै आधारभूत सरसफाइको पहुँच पुऱ्याउन राज्यको थप लगानी, जनचेतना र दिगो योजना आवश्यक देखिएको छ।

# कञ्जगाउँवासीको कहरः 'गाउँ छाडेर जाऔं कहाँ जाने, बसौं बस्न सक्ने अवस्था रहेन'

**युग संवाददाता**
**कञ्चनपुर, ६ जेठ ।**

वि.सं. २०७९ असार २५ को साँझ । सिमसिम पानी त परिरहेकै थियो । थप ठूलो पानी पार्ने सङ्केत आकाशमा थिएन । गाउँ नजिकको दोदा नदीमा बेग उर्लिएको थिएन । आकाश र नदी हेरेर केही ढुक्क भएर कञ्ज गाउँवासी सुत्ने तरखरमा थिए, निदाउन भने भ्याएका रहेनछन् ।

वर्षाका समय । एक्कासी गाउँको माथिल्लो भेगमा घोप्टे वर्षा भएपछि तटीय भेगमा दोदा नदी उर्लेर आयो । एकाएक भेल गाउँमै पस्नै लाग्यो । सर्वत्र अन्धकार । लालझाडी-२ का वडाध्यक्ष आशाराम रानाले तत् क्षणलाई सम्झँदै भने, "मध्यरातमा हाहाकार मच्चियो । हेर्दाहेर्दै नदीको भेल गाउँमै पस्न लाग्यो । गाउँलेले आशा मार्न थाले । बालबच्चा बोकेर जाने ठाउँ पनि भएन ।"

पछिल्ला दिन कञ्जगाउँ लगभग टाकुराजस्तै भएको छ । हिउँदमा नदी छ र ? भन्ने अवस्था हुन्छ । विशाल बगरमात्र देखिन्छ । उनले बगर देखाउँदै भने, "हेर्नुस् त न नदी नै भन्न नसक्ने अवस्था छ र ? बगर मात्र छ । बगर छ, पानी छैन । लाग्छ यस्तो अकल्पनीय अवस्था आउँछ भनेर पत्याउन गाह्रो छ । गाउँलेले तत्काल बाढी आइहाल्यो भने कटान रोक्न आफ्ना घरमा राखेका बाँस प्रयोग गरौँ । रातका समयमा जसोतसो गाउँले मिलेर नदीको बेगलाई जैविक र परम्परागत सीप प्रयोग गरेर गाउँ पस्नबाट रोके । धान र उखुबाली डुबायो । रोक्न नभ्याएको भए अहिले कञ्चगाउँ रहँदैनथ्यो ।"

आपत्कालीन अवस्थामा नदीको भेल गाउँमा पस्न नदिन र कटान रोक्न सिङ्गो बाँस र बाँसको पात प्रयोग गरिँदोरहेछ । यसका लागि सामग्री पूर्वअवस्थामा राखिँदोरहेछ । लालझाडी-१ का वडाध्यक्ष प्यारेलाल रानाका अनुसार दोदा नदीको सतह बर्सेनि बढिरहेको छ । वर्षात्मा बगेर आएका माटो र बालुवाले नदीको सतह निरन्तर माथि आइरहेको छ । सतह कति बढ्यो भन्ने एकिन नाप हालसम्म कुनै निकायबाट गरिएको रहेनछ । नदीले निरन्तर धार परिवर्तन गरिरहेको छ । उनले भने, "नदीले आफ्नो बहाव बर्सेनि परिवर्तन गरिरहेको छ । कटान र डुबानले नसताएको वर्ष हुन्न । नदीले कति कटान गरेर लग्यो, अन्नबाली कति डुबानमा परेँ, जङ्गली जनावरले कति बाली सखाप पारे कुनै हिसाबकिताब छैन । यस्तो पीडा कति सुनाउनु । हाम्रो काम त पीडा सुन्ने र सुनाउनेमात्र भएको छ । छाडेर जाऔं कहाँ जाने, बसौं बस्न सक्ने अवस्था रहेन ।"

**नसर्ने रोग उच्चः सचेतना जगाउँदै रेडक्रस**

बर्सेनि बाढी, कटान तथा जङ्गली जनवारबाट कहर भोगिरहेका कञ्चनपुरको अति दुर्गम भेग लालझाडीवासी पछिल्ला वर्ष नसर्ने रोगले प्रभावित बन्न थालेका छन् । विपद्को सधैं उच्च जोखिममा रहेको यो गाउँपालिका नसर्ने रोग वृद्धिको 'ग्राफ' निरन्तर बढ्दो छ । यहाँको नसर्ने रोग (रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली तथा श्वासप्रश्वास) को बारेमा 'डिएचआइएस-२' भन्छ, "आव २०७८/७९ मा रक्तचाप २५७, मधुमेह १२४, रक्तनली तथा श्वासप्रश्वास १२२ जनामा थियो ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

# नीति र कार्यक्रमको आलोकमा ऊर्जा क्षेत्रले आगामी बजेटमा खोजेको 'डिपार्चर'

**युग संवाददाता**
**काठमाडौं, ६ जेठ ।**

मुलुकको आर्थिक समृद्धिको प्रमुख आधार स्तम्भको रुपमा हेरिएको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि सरकारले आफ्ना नीति तथा कार्यक्रम र बजेटमा विशेष प्राथमिकताका साथ स्थान दिएको छ ।

नीति तथा कार्यक्रममा समेत प्राथमिकता पाएपछि आगामी आवको बजेटमा समेत त्यसलाई थप महत्वपूर्ण स्थान पाउने विश्वास गरिएको छ। सरकार र निजी क्षेत्रको सहकार्यले यस क्षेत्रले प्रगति गरिरहेको अवस्थालाई ख्याल गर्दै बजेटमा एउटा नयाँ 'डिपार्चर' हुने सरोकारवालाहरुको कथन छ। स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)ले समेत यस पटक आफूहरुले खोजे जस्तै मार्गदर्शन आगामी आवको बजेटले सम्बोधन गर्ने अपेक्षा राखेको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले मङ्गलबार विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिने क्रममा समेत ऊर्जा, भौतिक पूर्वाधारको क्षेत्रलाई आगामी आवको बजेटमा विशेष महत्व पाउने सङ्केत गरिसेका छन् ।

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो-यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।


समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।


नेपाल सरकार
विज्ञापन बोर्ड

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।